राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२० | २०८३ साउन १७ गते आईतवार | (Sunday, 2 Aug. | पुष्ठ ४ | मुल्य रु. ५




# हार्दिक स्वागत



मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित **टुटेश्वरनाथ महादेव मन्दिर**को दर्शन, पूजा-आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।

**दिपक कार्की**, *अध्यक्ष*

**बर्दिबास उद्योग वाणिज्य संघ**

बर्दिबास, महोत्तरी

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२० | २०८३ साउन १७ गते आईतवार | (Sunday, 2 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## राष्ट्रिय चर्चाको केन्द्रमा 'कालापानी वन काण्ड'

# प्रशासनको 'रिक्वेष्ट'मा 'ब्याक' भए स्थानीय



**राजकरण महतो**

*बर्दिबास, साउन १६ गते ।*

शनिबार बिहानै महोत्तरीको बर्दिबास नगरपालिका-३ कालापानीस्थित विपी राजमार्ग अवरुद्ध गरियो । गत जेठ ११ गते कालापानीमा स्थानीय र वन प्रशासनबीच भएको विवादमा चार स्थानीयमाथि झुठा मुद्दा दर्ता गरिएको विरोधमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूले चक्काजाम गरे । उक्त प्रकरणमा चार जनामाथि झुठा मुद्दा लगाइएको भन्दै गत बुधबार कालापानीमा बसेको सर्वदलीय बैठकले उनीहरू निर्दोष रहेको निष्कर्ष निकाल्दै तीन दिनभित्र मुद्दा फिर्ता लिन प्रशासनलाई अल्टिमेटम दिएको थियो । अल्टिमेटमको अवधि शुक्रबार सकिएपछि स्थानीय शनिबार बिहानैदेखि राजमार्ग अवरुद्ध गर्दै आन्दोलनमा उत्रिए । स्थानीयवासीलाई लगाइएको झुठा मुद्दा फिर्ता गर्नुपर्ने, घटनाका दोषी डीएफओलाई कारबाही गर्नुपर्ने, घटनाका बेला भएको सहमति कार्यान्वय गर्नुपर्ने उनीहरुको माग थियो । बिहान ७ बजेदेखि नै राजमार्ग पूर्ण रुपमा अवरुद्ध हुँदा सयौं सवारीसाधनहरु रोकिएर यात्रुहरु अलपत्र थिए ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक श्यामकुमार सारु मगरलगायतको सरकारी टोली कालापानी पुगेर घटनाको निष्पक्ष छानबिन हुने आश्वासन दिँदै आन्दोलन स्थगित गर्न आग्रह गरेपछि स्थानीय सडक आन्दोलनबाट 'ब्याक' भए ।

आन्दोलनमा सहभागी एक स्थानीयका अनुसार सुनसरीको देवानगञ्ज घटनापछि मुलुकमा विकसित पछिल्लो परिस्थितिलाई मध्यनजर गर्दै प्रशासनको आग्रहमा आन्दोलन स्थगित गरिएको हो । प्रशासनले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरणको प्रक्रिया द्रुत गतिमा अघि बढाउन पहल गर्ने मौखिक प्रतिबद्धता समेत जनाएको उनले बताए ।

आन्दोलनका एक नेतृत्वकर्ता गणेश बस्नेतले देशको वर्तमान परिस्थितिका कारण सडक आन्दोलन तत्कालका लागि स्थगित गरिएको बताए । 'कालापानी घटनामा मुद्दा दर्ता भए पनि अनुसन्धान भइरहेको छ । कसैमाथि पनि प्रहरीले मुद्दा चलाएको छैन । यदि फसाउन नै खोजियो भने हामी सडक र अदालत दुवैबाट लड्छौं,' बस्नेतले भने ।

आन्दोलनरत पक्षसँग मौखिक सहमति भएपछि बिहानदेखि अवरुद्ध राजमार्ग सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । कानुनअनुसार स्थानीय प्रशासनले समन्वय गर्ने सहमति भएपछि राजमार्ग खुलेको उनको भनाइ छ । कुरो जेठ ११ गतेको हो । वन कार्यालय स्रोतका अनुसार डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रको मौखिक निर्देशनमा वन अधिकृत श्वेता झाको नेतृत्वमा गएको

*- बाँकी पृष्ठ ३ मा*

## दोषीलाई नछाड्ने गृहमन्त्रीको चट्टानी अडान



**बर्दिबास :** कालापानी वन काण्ड राष्ट्रिय राजनीतिको केन्द्रमा पुगेको छ ।

गृहमन्त्री सुधन गुरुङले महोत्तरीको कालापानी वन प्रशासनसँग भएको विवादकम दोषीलाई कारबाही गर्ने सवालमा चट्टानी आडान लिएका छन् । उनले कालापानी विवादबारे अनुसन्धानबाटै मुद्दाको टुङ्गो लाग्ने बताएका हुन् ।

स्थानीय र वन प्रशासनसँग भएको विवादमा झुठा मुद्दा लगाइएको भन्दै स्थानीय सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरू आन्दोलित भएको बेला गृहमन्त्री गुरुङले अनुसन्धानबाटै मुद्दाको टुङ्गो लाग्ने बताए ।

> ''
> **ढुक्क हुनुस्, वास्तविक सुकुमवासी र अव्यवस्थित बसोवासीहरूले लालपूर्जा पाउँछ । सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने कार्य सरकारको प्राथमिकतामा छ ।**

***

शनिबार धनुषाको लालगढमा

*- बाँकी पृष्ठ ३ मा*

## कर्फ्यु खुकुलो भएसँगै सहज बन्दै मधेश

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन १६ गते ।*




सुनसरीको देवानगन्ज-३, कप्तानगन्जमा भएको घटनापछि अशान्त बनेका कोशी र मधेश प्रदेशका प्रभावित जिल्लामा जनजीवन बिस्तारै सामान्य बन्दै गएको छ । सरकार, राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा र स्थानीय समुदायको संयुक्त पहल, सद्भाव र्‍याली तथा कडा सुरक्षा व्यवस्थाका कारण तनाव क्रमशः कम हुँदै गएको हो ।

सुनसरी र धनुषामा कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरिएको छ भने सिरहा र सप्तरीमा कर्फ्यु कायम रहे पनि शनिबार केही समयका लागि खुकुलो पारिएको थियो । नेपालगन्ज, हेटौंडासहित विभिन्न जिल्लामा सद्भाव र्‍याली निकालिएको छ भने आइतबार पनि सुनसरी, सप्तरीलगायतका स्थानमा यस्ता कार्यक्रमको तयारी गरिएको छ ।

कप्तानगन्ज घटनामा प्रहरीको गोली लागेर मृत्यु भएका ओमप्रकाश मेहता र जयप्रकाश मेहताको शव पाँच दिनपछि परिवारले बुझेपछि

*- बाँकी पृष्ठ ३ मा*

## निर्मल पुर्जालगायत दिवंगत आरोहीको योगदान जीवित रहिरहनेछ : प्रधानमन्त्री

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १६ गते ।*



प्रधानमन्त्री वालेन्द्र शाहले पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा ज्यान गुमाएका आरोहीको योगदान जीवित रहिरहने बताएका छन् ।

प्रधानमन्त्री शाहले ब्रोड पिक आरोहणका क्रममा ज्यान गुमाएका आरोहीप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । 'सम्पूर्ण दिवङ्गत आरोहीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली । शोकसन्तप्त परिवारजन, आफन्त तथा शुभेच्छुकहरूप्रति हार्दिक समवेदना,' प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा लेखेका छन् ।

ब्रोड पिक आरोहणका क्रममा ६ जना नेपालीसहित १० आरोहीको निधन भएको छ । बिहीबार हिमपहिरोमा हराएका उनीहरूको निधन भएको शनिबार पुष्टि भएको छ । आरोहणका क्रममा नेपाली आरोहीमा निर्मल पुर्जासहित पुरबहादुर गुरुङ, निमा शेर्पा, किली पेम्बा शेर्पा, ग्यालु शेर्पा र नवाङ थिन्दु शेर्पा तथा ओमानकी नाधिरा अहमद अब्दुल्लाह अल हार्थी, पाकिस्तानका सोहेल साखी, चीनका वाङ झोङ र अमेरिकाकी म्यालोरी गाइसको निधन भएको हो ।

प्रधानमन्त्री शाहले कीर्तिमानी आरोही उनीहरूको निधनले स्तब्ध बनाएको बताएका छन् । 'विश्वको १२औं अग्लो हिमाल, पाकिस्तानको काराकोरम पर्वत शृङ्खलामा अवस्थित ८,०५१ मिटर अग्लो ब्रोड पिकमा विश्व कीर्तिमानधारी

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय.............

# अब दुधमती पुलको प्रतीक्षा कहिलेसम्म ?

जनकपुरधामलाई भारतीय सीमावर्ती जटही नाकासँग जोड्ने ढल्केवर-जनकपुर-जटही सिक्सलेन सडक मधेशकै सबैभन्दा महत्वपूर्ण पूर्वाधार आयोजनामध्ये एक हो । यसै सडकखण्डअन्तर्गत दुधमती खोलामा निर्माणाधीन पुलको काम लामो समयदेखि अधुरै रहँदा स्थानीय बासिन्दा र दैनिक यात्रुहरू अनावश्यक सास्ती भोग्न बाध्य भएका छन् । विकासको प्रतीक बन्नुपर्ने पुल नै जनजीवनको समस्या बनेको अवस्था कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन ।

सरकारले आर्थिक वर्ष, बजेट र समयसीमा तोक्दै निर्माण कार्य अघि बढाएको भए पनि अपेक्षित गतिमा काम सम्पन्न हुन सकेको छैन । समयमै सम्पन्न हुनुपर्ने आयोजना पटक-पटक लम्बिँदा नागरिकमा निराशा बढ्नु स्वाभाविक हो। निर्माण कम्पनी, सम्बन्धित सरकारी निकाय र अनुगमन गर्ने निकायबीच आवश्यक समन्वय र जवाफदेहिताको अभाव देखिँदा यसको प्रत्यक्ष असर आम नागरिकले बेहोर्नुपरेको छ । दुधमती पुल केवल एउटा भौतिक संरचना होइन, यसले जनकपुरधामको आर्थिक, सामाजिक तथा धार्मिक गतिविधिसँग प्रत्यक्ष सम्बन्ध राख्छ । भारतसँगको व्यापार, पर्यटकको आवागमन, स्थानीय व्यवसाय, कृषि उत्पादनको ढुवानी तथा सर्वसाधारणको दैनिक आवतजावत यसै सडकमार्फत हुने भएकाले पुल निर्माणमा भएको ढिलाइले समग्र क्षेत्रको विकासलाई नै प्रभावित बनाएको छ। वर्षायाममा जोखिम अझ बढ्ने भएकाले नागरिकको सुरक्षा पनि गम्भीर चिन्ताको विषय बनेको छ ।

विकास आयोजनामा प्राविधिक वा प्रशासनिक जटिलता आउन सक्छन्। तर त्यस्ता समस्या समाधान गरेर कामलाई गति दिनु सरकारको दायित्व हो । यदि निर्माण कम्पनीले सम्झौताअनुसार काम नगरेको हो भने कानुनी कारबाही र वैकल्पिक व्यवस्था गर्न सरकार पछि हट्नु हुँदैन । जनताले बहाना होइन, परिणाम चाहेका छन् । अब सम्बन्धित मन्त्रालय, सडक विभाग र निर्माण कम्पनीले एकअर्कामाथि जिम्मेवारी पन्छाउने होइन, स्पष्ट कार्ययोजना बनाएर दुधमती पुल निर्माण यथाशीघ्र सम्पन्न गर्न अग्रसर हुनुपर्छ। नियमित अनुगमन, समयसीमा पालन र सार्वजनिक जवाफदेहितामार्फत मात्रै नागरिकको विश्वास पुन: स्थापित गर्न सकिन्छ । विकासका नाममा वर्षौंसम्म धैर्यको परीक्षा लिनु उचित होइन । दुधमती पुल अब अधुरो सपना बनेर होइन, जनअपेक्षा पूरा गर्ने सफल पूर्वाधारका रूपमा छिट्टै सञ्चालनमा आउनुपर्छ । यही सरकारको प्राथमिकता र प्रतिबद्धताको वास्तविक परीक्षण पनि हो ।

## राशिफल

- मेष - उत्साह जगाउनेछ ।
- वृष - नयाँ स्रोत फेला पर्नेछन् ।
- मिथुन - प्रशस्त फाइदा हुनेछ ।
- कर्कट - अवसर प्राप्त हुनेछ ।
- सिंह - फाइदा उठाउन सकिनेछ ।
- कन्या - अवसरले पछ्याउनेछन् ।
- तुला - लगानी बढाउने समय छ ।
- वृश्चिक - जग बसाउने अवसर जुट्नेछ ।
- धनु - परोपकारमा प्रवृत्त भइएला ।
- मकर - सम्मानित स्थान दिलाउनेछ ।
- कुम्भ - योजना सार्वजनिक नगर्नुहोला ।
- मिन - कमजोरी अनुभूति हुनेछ ।

## प्रशासनको 'रिक्वेष्ट'मा...

टोली कालापानी बस्ती वन क्षेत्रभित्र रहेको भन्दै बस्ती खाली गराउन मौखिक सूचना दिन पुगेको थियो। वन कर्मचारीहरूले स्थानीयसँग 'लालपूर्जा खै ?' भन्दै सोधेका थिए । त्यसपछि स्थानीयले 'कसको आदेशमा आउनुभएको ?' भन्दै कर्मचारीहरूलाई राति १२ बजेसम्म घेरेर राखेका थिए । तर, कर्मचारीहरूले कुनै स्पष्ट जवाफ दिएनन् । स्थानीयका अनुसार प्रहरी बाटो खुलाउने क्रममा बल प्रयोग गरेको थियो । त्यसलगत्तै डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनी भएको थियो ।

कालापानीलगायतका बस्तीका स्थानीयले पुस्तौंदेखि आफूहरू बसोबास गर्दै आएको जग्गाको लालपूर्जा पाउनुपर्ने माग गर्दै आएका छन् ।

तर, नयाँ सरकार गठनपछि लालपूर्जा दिने प्रक्रिया अघि बढाउनुको सट्टा बस्ती खाली गराउने सूचना जारी गर्न निर्देशन दिइएको भन्दै स्थानीय आक्रोशित बनेका थिए । वन कर्मचारीहरूलाई स्थानीयले नियन्त्रणमा लिएपछि जेठ ११ गते राति बाटो खुलाउने क्रममा प्रहरीले लाठीचार्ज गरेको थियो ।

त्यसपछि आक्रोशित भीडले वन कार्यालयको सरकारी गाडीमा आगजनी गरेको थियो ।

घटनापछि जेठ १२ गते प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भएको वार्तामा डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले माफी माग्दै बस्ती उठाउने कुनै योजना नरहेको र थप कारबाही प्रक्रिया अघि नबढाउने बताएका थिए ।

वार्तामा सहभागी आन्दोलनका नेतृत्वकर्ता गणेश बस्नेतका अनुसार घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घाइतेको उपचार राज्यले गर्ने तथा कसैमाथि मुद्दा नचलाउने सहमति भएको थियो ।

तर, त्यसपछि प्रहरीले घटनामा संलग्न रहेको आरोपमा चार जनामाथि आपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएपछि विवाद फेरि चर्किएको हो ।

## कर्फ्यु खुकुलो भएसँगै...

अन्त्येष्टि गरिएको छ । सरकार र पीडित पक्षबीच सातबुँदे सहमति भएपछि अन्त्येष्टि सम्पन्न भएको हो । सहमतिअनुसार मृतकका परिवारलाई जनही १० लाख रुपैयाँ राहत, सहिद घोषणा प्रक्रिया अघि बढाउने, निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही, परिवारका सदस्यलाई रोजगारी तथा स्मृति पार्क निर्माण गर्ने उल्लेख गरिएको छ ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मृतकको अन्त्येष्टिपछि अवस्था सहज बन्दै गएको बताए । यद्यपि पूर्ण रूपमा सामान्य अवस्था कायम नभएकाले निषेधाज्ञा र सुरक्षा निगरानी यथावत् राखिएको उनले जानकारी दिए ।

सप्तरीमा आन्दोलनका कारण लगाइएको कर्फ्यु शनिबार बिहान र साँझ गरी चार घण्टाका लागि खुकुलो पारिएको थियो । प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले तोकिएको समयमै किनमेल गर्न र कर्फ्यु अवधिमा घरमै बस्न आग्रह गरेका छन् । आइतबार राजविराजमा सर्वपक्षीय सद्भाव र्‍याली निकाल्ने तयारी गरिएको छ ।

सिरहामा पनि अवस्था क्रमशः सामान्य बन्दै गएको प्रशासनले जनाएको छ । गोलबजार र लहानमा तनावपछि लगाइएको कर्फ्युमध्ये लहानमा हटाइएको छ भने गोलबजारमा केही समयका लागि मात्रै खुकुलो पारिएको छ । प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शान्ति कायम गर्न सबै पक्षको सहकार्य प्रभावकारी भएको बताए । प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका १५ वर्षीय गणेश यादवको शव शनिबार परिवारलाई हस्तान्तरण गरिएको छ । यता धनुषाको जनकपुरमा कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरिएपछि बजार र सार्वजनिक गतिविधि विस्तारै सञ्चालनमा आउन थालेका छन् । प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सर्वपक्षीय बैठक र सद्भाव यात्रापछि अवस्था नियन्त्रणमा आएको बताए ।

## निर्मल पुर्जा...

निर्मल पुर्जा (निम्स दाइ) सहित ६ जना नेपाली तथा अन्य चार विदेशी आरोहीहरूको दुःखद निधनले स्तब्ध बनाएको छ,' शाहले भनेका छन् ।

उनीहरूको योगदान जीवित रहिरहने प्रधानमन्त्री शाहले उल्लेख गरेका छन् । उनले भनेका छन्, 'निर्मल पुर्जालगायत सम्पूर्ण दिवङ्गत आरोहीहरूको भौतिक यात्रा मात्रै रोकिएको हो, तर उहाँहरूको साहस, समर्पण र योगदानको इतिहास सधैं प्रेरणायुक्त र जीवित रहिरहनेछ ।'

## वर्तमान सरकार पाँच...

वातावरण हामी बनाउँदैछौँ । धेरै पार्टीका साथीहरू उज्यालो नेपाल पार्टीमा सहभागी हुन हामीसँग छलफलमा हुनुहुन्छ। देशव्यापी रूपमा उज्यालो नेपाल पार्टीप्रतिको आकर्षण बढ्दो छ र यो क्रम अझ बढ्दै जानेछ ।'

घिसिङले उज्यालो नेपाल पार्टीले भविष्यमा देशको नेतृत्व गर्ने दाबी गर्दै हरित क्रान्तिमार्फत मुलुकलाई समृद्धितर्फ लैजाने एकमात्र पार्टी आफ्नो भएको बताए ।

'तपाईँहरू ढुक्क भएर बस्नुस्। उज्यालो नेपाल पार्टीले आगामी दिनमा यो देशको नेतृत्व गर्नेछ। हरित क्रान्ति गरेर देशलाई समृद्ध बनाउने पार्टी यही हो। पार्टी हराउँछ कि भन्ने कुनै निराशा लिनु पर्दैन,' उनले भने ।

दोलखा जिल्ला र बाग्मती प्रदेशमा पार्टीको प्रभाव तीव्र रूपमा बढिरहेको दाबी गर्दै उनले दोलखा उज्यालो नेपालको किल्ला बन्ने बताए ।

'दोलखा मात्र होइन, बाग्मती प्रदेश नै उज्यालो नेपालको किल्ला बन्ने चरणमा पुगेको छ। हामी बाग्मती प्रदेशमा सरकार बनाउँछौँ र त्यसपछि देशव्यापी रूपमा पनि उज्यालो नेपाल पार्टीको सरकार बन्ने क्रममा अघि बढ्नेछ,' उनले भने ।

आगामी स्थानीय तह निर्वाचनमा पार्टीको सशक्त उपस्थिति रहने उल्लेख गर्दै घिसिङले त्यसपछिको निर्वाचनबाट उज्यालो नेपाल पार्टीले देशको नेतृत्व गर्ने दाबी गरे ।

वर्तमान सरकार पाँच वर्ष टिक्ने भनिए पनि पाँच महिनामै अस्थिरताको संकेत देखिएको उनको टिप्पणी थियो ।

'अहिले पाँच वर्षको सरकार भनिएको छ, तर पाँच महिनामै सरकार टिक्ने अवस्था कमजोर देखिइसकेको छ। हामीले पाँच वर्ष नै कुर्नुपर्छ जस्तो लाग्दैन। त्यसैले उज्यालो नेपाल पार्टी अब देशको विकल्पका रूपमा स्थापित हुँदै अघि बढिरहेको छ,' उनले भने ।

## दोषीलाई नछाड्ने गृहमन्त्रीको...

द पब्लिक टुडेसँग कुराकानी गर्दै गृहमन्त्री गुरुङले भने, 'निर्दोष कोही पनि फस्दैन, दोषीलाई छानबिन गरेर कारबाही हुन्छ । छानबिनै नगरिकन को दोषी, को निर्दोष भन्ने अधिकार न मलाई छ, न तपाइलाई छ, न सिडिओ साबलाई छ । यो छानविनको विषय हो । प्रहरी अनसन्धानबाटै मुद्दाको टुङ्गो लाग्छ ।'

गृहमन्त्री गुरुङले सुकुमवासी तथा अव्यवस्थित वसोवासीहरूलाई लालपूर्जा वितरणका लागि सरकारले गृहकार्य गरिरहेकोले संयमता अपनाउन आन्दोलनरत पक्षलाई आग्रह गरे । 'ढुक्क हुनुस्, वास्तविक सुकुमवासी र अव्यवस्थित बसोवासीहरूले लालपूर्जा पाउँछ । सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने कार्य सरकारको प्राथमिकतामा छ । त्यसमा राज्य गम्भिर भएर काम गरिरहेको छ,' उनले भने ।

सुकुमवासीको नाममा केही तत्वले गलत तरिकाले खेल्न खोजिरहेकोले त्यतातर्फ राज्य सचेत रहेको उनले बताए ।

गलत गर्ने छुट कसैलाई नभएको उल्लेख गर्दै आन्दोलनको आडमा उछृंखल गतिविधि गर्नेमाथि कडा कारबाही हुने पनि गृहमन्त्री गुरुङले स्पष्ट पारे ।

## भूमि प्रशासन कार्यालय महोत्तरी, जलेश्वरको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त जि. महोत्तरी किसाननगर गा.बि.स. वडा नं. १ हाल बर्दिवास न.पा. वडा नं. ६ मा बस्ने देवनारायण महतोको पनि रानीवती देवीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी किसाननगर गा.वि.स. वडा नं.९ग कि.नं.७६ को ०-५-१-० जग्गा दर्ता रही सो जग्गाको ज.ध.द.प्र.पु.को मोही महलमा प्रतिवादी मोही जि.म. किसाननगर गा.बि.स. वडा नं. ९ हाल बर्दिबास न.पा. वडा नं. ६ मा बस्ने अम्बर बहादुर कटुवालको नाउँ उल्लेख भएको निज गाँउघर समेत छाडी भागी वेपत्ता भै सकेका छन । साथै निजको हक खाने भू.सू.ऐन २०२१ को दफा २६ को उपदफा १ अनुसारको कुनै हकदार समेत नरहेकोले उक्त जग्गाको स्रेस्ता पुर्जाको मोही महलबाट अम्बर बहादुर कटुवालको नाउँ कट्टा गरी पाउँ भन्ने व्यहोराको फिरादी ज.ध. ले फिराद पत्र दर्ता हुन आएकोमा मोही अम्बर बहादुर कटुवाल नाउँमा जारी भएको म्यादको निर्दिष्ट म्याद भित्र कुनै पनि प्रतिवाद नभएको हुदा कारवाहीको सिलसिलामा मिति २०८३/०४/११ मा भएको आदेशाअनुसार यो हक दाविसम्बन्धी ३५ पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ । अत यि फिरादी ज.ध. रानीवती देवीको नाउँमा कायम रहेको जि.महोत्तरी किसाननगर गा.वि.स. वडा नं.९ कि.नं. ७६ को ०-५-१-० जग्गा दर्ता रहेको ज.ध.स्रेस्ताको मोही महलमा अंकित मोही अम्बर बहादुर कटुवाल वा निजको हक अपुताली खाने नजिकको हकदार कोही भए आफ्नो ठोस प्रमाण लिइ यो सुचना प्रकाशित भएको वाटोको म्याद वाहेक ३५ पैतिस दिन भित्र आृनो सबुत प्रमाण लिइ आफै वा वारेश मार्फत पठाइ कानुन वमोजिम हाजिर हुन आउनु होला । म्यादभित्र नआएमा वा गुजारी बसेमा कानुन बमोजिम हुनेछ । पछि कुनै किसिमको उजुर बाजुर लाग्ने छैन ।

## भूमि प्रशासन कार्यालय महोत्तरी, जलेश्वरको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त जि. महोत्तरी गोनरपुरा गा.बि.स. वडा नं. ७ हाल गौशाला न.पा. वडा नं. ४ मा बस्ने पचु महतो कोईरीको छोरा रामपुबार महतो कोईरी समेत ३ तिन जनाको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी किसाननगर गा.वि.स. वडा नं.९ग कि.नं. १९५ को ०-७-१३-०, ऐ. ऐ. गा.वि.स. वडा नं.९ग कि.नं.१९६ को ०-६-१८-५-० समेत जग्गा सँयुक्त दर्ता रही सो जग्गाको ज.ध.द.प्र. पु.को मोही महलमा प्रतिवादी मोही जि.म. किसाननगर गा.बि.स. वडा नं. ९ हाल बर्दिवास न.पा. वडा नं. ६ मा वस्ने अम्बर बहादुर कटुवालको नाउँ उल्लेख भएको निज गाँउघर समेत छाडी भागी बेपत्ता भै सकेका छन् । साथै निजको हक खाने भू.सू.ऐन २०२१ को दफा २६ को उपदफा १ अनुसारको कुनै हकदार समेत नरहेकोले उक्त जग्गाको स्रेस्ता पुर्जाको मोही महलवाट अम्बर बहादुर कटुवालको नाउँ कट्टा गरी पाउँ भन्ने व्यहोराको फिरादी ज.ध. ले फिराद पत्र दर्ता हुन आएकोमा मोही अम्बर बहादुर कटुवाल नाउँमा जारी भएको म्यादको निर्दिष्ट म्याद भित्र कुनै पनि प्रतिवाद नभएको हुँदा कारवाहीको सिलसिलामा मिति २०८३/०४/११ मा भएको आदेशाअनुसार यो हक दाविसम्वन्धी ३५ पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ । अत यि फिरादी ज.ध. को नाउँमा कायम रहेको जि. महोत्तरी किसाननगर गा.वि.स.वडा नं. ९ग कि.नं. १९५ को ०-७-१३-०, ऐ. ऐ. गा.वि.स. वडा नं. ९ग कि.नं.१९६ को ०-६-१८-५-० समेत जग्गा सँयुक्त दर्ता रहेको ज.ध. स्रेस्ताको मोही महलमा अंकित मोही अम्बर बहादुर कटुवाल वा निजको हक अपुताली खाने नजिकको हकदार कोही भए आृनो ठोस प्रमाण लिइ यो सुचना प्रकाशित भएको वाटोको म्याद वाहेक ३५ पैतिस दिन भित्र आफ्नो सबुत प्रमाण लिइ आफै वा वारेश मार्फत पठाइ कानुन बमोजिम हाजिर हुन आउनु होला । म्यादभित्र नआएमा वा गुजारी बसेमा कानुन बमोजिम हुनेछ । पछि कुनै किसिमको उजुर बाजुर लाग्ने छैन ।

# सरकार र संयुक्त हिन्दु मोर्चाबीच १३ बुँदे सहमति



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १६ गते ।*

जनकपुरमा सरकारी पक्ष र आन्दोलनरत संयुक्त हिन्दु मोर्चाबीच १३ बुँदे सहमति भएको छ । शनिबार भएको दुई चरणको वार्तापछि जिल्ला प्रशासन कार्यालय धनुषामा सरकारको तर्फबाट गृहमन्त्री सुदन गुरुङ र विभिन्न हिन्दुवादी संगठनका प्रतिनिधिबीच १३ बुँदे सहमति भएको हो ।

वार्तामा आन्दोलनरत पक्षले हिन्दू राष्ट्र कायमसहित १३ बुँदे मागपत्र राखेका थिए । सोही अनुसार नेपाल सरकारले काम गर्नेगरी दुवै पक्षबीच सहमति भएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले जानकारी दिए ।

बैठकमा हिन्दु राष्ट्रको विषयमा छलफलका लागि ३ महिनाको दिइएको छ । जुनसुकै धर्म, सम्प्रदाय वा समुदायले मनाउने चाडपर्व तथा धार्मिक अवसरहरूमा हातहतियार प्रदर्शन गर्ने कार्यलाई नियन्त्रण गर्ने र यस्तो कार्य गर्ने व्यक्ति वा समूहलाई कानुनबमोजिम कारवाही गर्ने, मठ, मन्दिर, मस्जिद, मदरसा, गुम्बा र चर्चलगायत धार्मिक स्थलमा जडान गरिएका बाहिरी हर्न (लाउडस्पिकर) तथा ध्वनि विस्तारक उपकरणको प्रयोगलाई नियन्त्रण गर्ने र आवश्यक धार्मिक गतिविधिका लागि परिसरभित्र मात्र सीमित ध्वनि प्रयोग गर्ने व्यवस्था मिलाउने सहमति भएको हो ।

यस्तै, सुनसरी देवानगञ्ज घटनापछि भएको आन्दोलनका क्रममा पक्राउ परेका व्यक्तिहरूमाथि दर्ता भएका मुद्दाहरूको पुनरावलोकन गरी आवश्यक निर्णय लिने तथा सम्बन्धित व्यक्तिहरूलाई कानुनी प्रक्रियाअनुसार रिहा गर्ने, आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार तथा आवश्यक स्वास्थ्य सेवाको व्यवस्था गर्ने लगायतका बुँदामा सम्झौता भएको छ ।

वार्तामा हिन्दू सम्राट सेना, विश्व हिन्दू परिषद् नेपाल, जानकी सेना लगायतका संस्थाहरु सहभागी थिए भने नेपाल सरकारका गृहमन्त्री गुरुङ, मधेस सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादव, प्रतिनिधि सभा सदस्य मनिष झा लगायतको उपस्तिथि थियो ।

सहमति सँगै मोर्चाले आन्दोलनका सम्पूर्ण कार्यक्रमहरूस्थगित गर्ने घोषणा गरेको छ ।

# मधेशमा रोपाइँ ९१.५५ प्रतिशत

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १६ गते ।*

मधेश प्रदेशमा रोपाइँ अन्तिम चरणमा पुगेको छ । मधेस प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म मधेस प्रदेशभर तीन लाख ५० हजार ११८ दशमलव ८८ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।



जुन कुल रोपाइँयोग्य क्षेत्रफलको ९१ दशमलव ५५ प्रतिशत हो । मधेस प्रदेशका आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा सोही क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए ।

सप्तरीमा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सप्तरीमा ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा हालसम्म ६१ हजार २०० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । धनुषामा ८५ प्रतिशत रोपाइँ भएको छ । जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धान खेती हुने लक्ष्य रहेकामा हालसम्म ३७ हजार ३१५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयले जनाएको छ ।

त्यस्तै महोत्तरीमा ७४ दशमलव ७७ प्रतिशत, सर्लाहीमा ९४ प्रतिशत, रौतहटमा ९३ प्रतिशत, बारामा ९५ प्रतिशत तथा पर्सामा ९१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । मधेश प्रदेशमा कुल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएको छ । अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक रूपमा अघि बढेको अधिकृत विश्वकर्माको भनाइ छ ।

# वर्तमान सरकार पाँच वर्षको भनिए पनि पाँच महिनामै कमजोर : कुलमान

**काठमाडौं** : उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आफ्नो पार्टी कुनै पनि राजनीतिक दलसँग नजोडिने बरु अन्य दललाई समेट्ने वातावरण बनाइरहेको बताएका छन् ।

शनिबार उज्यालो नेपाल पार्टी दोलखा-काठमाडौं सम्पर्क समितिले आयोजना गरेको पार्टी प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै



उनले उज्यालो नेपाल पार्टी एक्लै अघि बढ्ने र कुनै पनि हालतमा अर्को पार्टीसँग नमिसिने स्पष्ट पारे ।

उनले भने, 'उज्यालो नेपाल पार्टी बरु एक्लै रहन्छ, कुनै पार्टीसँग मिसिँदैन । कुनै पनि हालतमा कुनै पार्टीसँग मिल्दैन । बरु यो पार्टीसँग अरू पार्टी मिसिन आउने

*- बाँकी पृष्ठ ३ मा*

# सवारी दुर्घटना गराउने २५ देखि ४० वर्ष उमेर समूहका चालक

**राष्ट्रिय समाचार समिति**

*चितवन, साउन १६ गते ।*

सबैभन्दा बढी सवारी दुर्घटना गराउने चालकको उमेर २५ देखि ४० वर्ष समूहका रहेका पाइएको छ । बागमती प्रदेशमा भएका सवारी दुर्घटनामध्ये यो उमेर समूहका चालकका कारण बढी दुर्घटना भइरहेको प्रहरीले जनाएको हो ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका अनुसार उपत्यकाबाहेक प्रदेशभित्र भएका एक हजार ९२४ दुर्घटनामध्ये ५४ प्रतिशत अर्थात् एक हजार ४२९ वटा दुर्घटना सो उमेर समूहका चालकले गराएका छन् ।

यस्तै, २५ प्रतिशत अर्थात् ६७९ वटा दुर्घटना १६ देखि २५ वर्ष उमेर समूहका चालकले सवारी चलाउँदा भएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिए । उनका अनुसार ४० वर्षमाथिका सवारी चालकले २५ प्रतिशत दुर्घटना गराएका छन् । युवा पुस्तामा सवारी तीव्र गतिमा हाँक्ने जोस बढ्दा दुर्घटना गराउने चालक युवा पुस्ताका बढी भएका हुन् ।

ती दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या २५ वर्षभन्दा माथि उमेर समूहका धेरै रहेका छन् । सो उमेर समूहका २६७ जनाको मृत्यु भएको छ भने १६ देखि २५ वर्ष उमेर समूहका ५९, छदेखि १६ वर्ष उमेर समूहका सात र छ वर्षदेखि तलका उमेर समूहका सात जना रहेका छन् । घाइते हुनेको सङ्ख्या पनि सोही अनुपातमा रहेको उनले जानकारी दिए ।

गत आर्थिक वर्षमा तीव्र गतिका कारण एक हजार ४१, चालकको लापरबाहीले २४०, यात्रुको गल्तीले १५४, मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा ११९ र यान्त्रिक गडबडीले १२१ वटा दुर्घटना भएका छन् । यस्तै, सडकको अवस्थाका कारण १०७ वटा 'ओभरटेक' गर्दा ७२, मौसमको खराबीले चौपायका कारण १०, ओभरलोड भएर आठ र अन्य कारणले ३८ वटा दुर्घटना भएको उनले जानकारी दिए ।

यस कार्यालयले काठमाडौं उपत्यकाबाहेक बागमती प्रदेशका १० जिल्ला हेर्दै आएको छ । रासस

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६



डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री